protecting your future.

च.नं. ३६१४ /०८२/०८३

२०८३/०२/०६

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

विषयः **३० औं वार्षिक साधारण सभाको निर्णय बिवरण (माईन्युट) पेश गरिएको सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको मिति २०८२/०१/०९ गते सम्पन्न भएको ३० औं वार्षिक साधारण सभाको निर्णय बिवरण (माईन्युट) तहाँको जानकारीको लागि यसै पत्रसाथ संलग्न गरि पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

धन्यवाद !

अरबिन्द कुमार कर्ण
कम्पनी सचिव


**प्रभु इन्स्योरेन्स लि.**

तिनकुने, काठमाडौं, नेपाल | फोनः ९७७-१-५१९९२२०, ५१९९२२६ | फ्याक्सः ९७७-१-५१९९२४७
इमेलः info@prabhuinsurance.com | वेब साइटः www.prabhuinsurance.com

टोल फ्रि
१६६०-०१-०००६६

PRABHU INSURANCE®

protecting your future.

# प्रभु इन्स्योरेन्स लिमिटेड
# को
# ३० औं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्यूट)

१. **सभाको काम कारवाही:**
प्रभु इन्स्योरेन्स लिमिटेडको मिति २०८२ चैत्र १७ गते बसेको सञ्चालक समितिको ४६० औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको प्रबन्ध पत्र तथा नियमावली बमोजिम बोलाईएको ३० औं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र मल्लज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय तथा स्थानमा बसि निम्न विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम ३० औं वार्षिक साधारण सभा सु-सम्पन्न भयो ।

२. **सभा भएको मिति, समय र स्थान :**
मिति : २०८३ बैशाख ०९ गते बुधबार (तदनुसार २२ अप्रिल, २०२६)
समय : बिहान ११:०० बजे
स्थान : प्रभु इन्स्योरेन्स लिमिटेडको केन्द्रिय कार्यालय, प्रभु कम्प्लेक्स, तीनकुने, काठमाण्डौ ।

३. **सभाको सूचना:**
(१) कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम मिति २०८२/१२/१८ तथा २०८२/१२/२५ गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा कम्पनीको आ.व.२०८१/०८२ को संक्षिप्त वित्तिय विवरण सहितको ३० औं वार्षिक साधारण सभाको सूचना प्रकाशित गरिएको तथा यसका अतिरिक्त शेयरधनी महानुभावहरुको उपलब्ध ईमेल ठेगानामा साधारणसभा सम्वन्धी सूचना सहितको वार्षिक प्रतिवेदन समयमै प्रेषित गरिनुका साथै कम्पनीको वेवसाईट www.prabhuinsurance.com मा समेत राखिएको थियो ।

४. **उपस्थिति:**
(क) **सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री राजेन्द्र मल्ल | अध्यक्ष |
| श्री मिजास भट्टचन | सञ्चालक |
| श्री रामकृष्ण लामिछाने | सञ्चालक |
| श्री शान्ता गौतम | सञ्चालक |
| श्रीमती आकृती लामा | सञ्चालक |
| श्रीमती सुषमा शर्मा (वस्ती) | स्वतन्त्र सञ्चालक |

(ख) **पदाधिकारी, पर्यवेक्षक एवं आमन्त्रित प्रतिनिधि:**

| | |
|---|---|
| श्री सन्चित बज्राचार्य | प्रमुख कार्यकारी अधिकृत |
| श्री अरविन्द कुमार कर्ण | कम्पनी सचिव |
| श्री महेश कुमार गुरागाँइ | लेखापरीक्षक |
| श्री मोतिराज गौतम | कानूनी सल्लाहकार |

(ग) **शेयरधनीहरुको उपस्थिति:**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधी मार्फत उपस्थित शेयरधनी संख्या | २५ | ६०९ | ६३४ |
| कूल शेयर संख्या | ८४,७७,२४४ | ३५,४३,८८० | १,२०,२१,१२४ |



PRABHU INSURANCE®

५. गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :
कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालनको लागि दफा ७३ बमोजिम आवश्यक गणपुरक संख्या (कम्पनीका शेयरधनीहरुको स्वयं वा प्रतिनिधी मार्फत भएको सहभागिता एवं सहभागी शेयरधनीहरुले ग्रहण गरेको शेयरहरुको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थिति विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधी मार्फत उपस्थित शेयरधनी संख्या | शेयरधनीहरु | २५ | ६०९ | ६३४ |
| | शेयर | ८४,७७,२४४ | ३५,४३,८८० | १,२०,२१,१२४ |
| उपस्थितबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयरधनीहरु | ४४.६४ | ३.८५ | ३.९९ |
| | शेयर | ९७.७२ | ४२.५२ | ७०.६७ |

६. सभाको कारवाही र बैधानिकता :
सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा प्रभु इन्स्योरेन्स लिमिटेडको नियमावलीको नियम ३.१ (ख) ले गरेको कानूनी प्रावधान बमोजिम गणपुरक संख्या पुगेकोले पूर्वसूचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर भई अध्यक्षज्यूले सभा आरम्भ भयो ।

७. सभाको सभापतित्व र सभा संचालन:
कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ मा भएको व्यवस्था बमोजिम सभाको सभापतित्व कम्पनीको सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था अनुरुप कम्पनीका अध्यक्ष श्री राजेन्द्र मल्लज्यूले सभाको सभापतिको आसन ग्रहण गर्नुभयो । तत्पश्चात् उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सबैलाई स्वागत गर्दै छलफलका विषय सूचि अनुसार सभाको कार्यक्रम अगाडी बढाउनु भयो ।

८. सभाका सभापतिज्यूबाट मन्तव्य तथा ३० औं वार्षिक प्रतिवेदन प्रस्तुति:
सभाका सभापती श्री राजेन्द्र मल्लज्युले कम्पनीको ३० औं वार्षिक साधारण सभामा भाग लिन सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कम्पनीको सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत गर्नुहुँदै आफ्नो मन्तब्य मार्फत नेपाल बीमा प्राधिकरणबाट जारी भएको "बीमकको वित्तिय विवरण सम्बन्धी निर्देशन, २०८०" एवं नेपाल धितोपत्र बोर्डबाट जारी सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्वन्धि निर्देशिका, २०७४ समेतको परिधि भित्र रही कम्पनी ऐन, २०६३ को दफा १०९ तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरेको कम्पनीको आर्थिक वर्ष २०१/०८२ को वित्तीय विवरण सहितको कम्पनीको ३० औं वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

९. छलफका लागि आह्वान:
सभाका सभापती तथा कम्पनीका अध्यक्ष श्री राजेन्द्र मल्लज्यूले समिक्षा आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रबाह र वार्षिक प्रतिवेदन उपर शेयरधनी महानुभावहरुको केही जिज्ञासा तथा सुझाव भए आफ्नो अमूल्य विचार मन्तव्य तथा सुझाव प्रकट गरिदिनु हुन अनुरोध गर्नुभयो ।

१०. वार्षिक प्रतिवेदन तथा वासलात उपर छलफलमा सहभागीहुने शेयरधनीहरु :
पुर्व सूचित प्रस्ताव उपर छलफलका लागि सभापतिबाट अनुरोध भए पश्चात् देहाय बमोजिमका शेयरधनी महानुभावहरुले छलफलमा सहभागी भई आ–आफ्नो विचार मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्नुभएको थियो ।

छलफलमा सहभागी तथा लिखित सुझाव दिनुहुने शेयरधनीहरु:

१. श्री उत्तम दत्त पाण्डे
२. श्री सुदिप श्रेष्ठ
३. श्री चन्द्र नारायण श्रेष्ठ
४. श्री शत्रुघन श्रेष्ठ
५. श्री ब्रम्हदेव शाक्य
६. श्री गोविन्द बहादुर के.सी.
७. श्री उद्धव प्रसाद घिमिरे
८. श्री इन्द्र प्रसाद लामिछाने
९. श्री निरुपमा गुप्ता
१०. श्री बैजुनाथ रौनियार
११. श्री रोज कुमार श्रेष्ठ
१२. श्री कृष्ण प्रसाद अधिकारी
१३. श्री गुणराज भट्ट
१४. श्री डमरु बल्लभ घिमिरे
१५. श्री ध्रुवराज न्यौपाने
१६. श्री इन्द्र कृष्ण श्रेष्ठ
१७. श्री राजकाजी रन्जित
१८. श्री अमिरदाश रन्जित
१९. श्री युगल बसेल
२०. श्री नरसिंहलाल चंखु
२१. श्री उत्सव सुन्दर श्रेष्ठ
२२. श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित सुझाव)
२३. डा. रामजी प्रसाद पौडेल (लिखित सुझाव)
२४. श्री जगन्नाथ आचार्य (लिखित सुझाव)
२५. श्री भेषराज भण्डारी (लिखित सुझाव)
२६. श्री सुरेन्द्र चिमौरिया (लिखित सुझाव)
२७. श्री उत्तम पाठक (लिखित सुझाव)

११. **छलफलमा सहभागीहुने शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका राय, जिज्ञासा, तथा सुझावहरु उपर सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिक्रिया तथा नीतिगत जवाफ (सामुहिक रुपमा) :**

छलफलका क्रममा शेयरधनी महानुभावहरुले सभामा सकृय सहभागी भई प्रस्तुत गर्नुभएका मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरु प्रति कम्पनीका अध्यक्ष तथा सभाका सभापती श्री राजेन्द्र मल्लज्यूले आभार तथा धन्यवाद प्रकट गर्नुहुँदै शेयरधनी महानुभावहरुबाट प्राप्त सुझावहरुलाई आत्मसात गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

शेयरधनी महानुभावहरुको सुझाव अनुरुप कम्पनीको सेवाहरु बिस्तार गर्दै शेयरधनी महानुभावहरुलाई उच्चतम मुनाफा बितरण गर्नेतर्फ कम्पनी लागिपरेको बताउनु हुदै शेयरधनी महानुभावहरुले उठाउनु भएको बिषयवस्तु वा उचित सुझावलाई मनन् गर्दै अघि बढ्ने बताउनु भयो ।

कम्पनीले आगामी दिनमा आफ्नो शाखा सञ्जाल विस्तार गरी अपेक्षित प्रगती गर्नेतर्फ उन्मुख भएको बिश्वास दिलाउनु हुदै सबै पक्षबाट सहयोग भएमा आगामी दिनमा समेत राम्रो मुनाफा हासिल गरी शेयरधनी महानुभावहरुलाई बढी भन्दा बढी लाभांश प्रदान गर्नेतर्फ सञ्चालक समिति तथा व्यवस्थापन प्रतिवद्ध रहेको जवाफ दिनुभयो ।

१२. **सभाबाट पारित प्रास्ताव तथा निर्णयहरु:**

(क) **सामान्य प्रस्ताव:**

(१) कम्पनीको ३० औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनि अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा सञ्चालक समितिबाट प्रस्तुत आ.व.२०८१/०८२ को ३० औं वार्षिक प्रतिवेदन पारित गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८२ साल आषाढ मसान्तको वासलात तथा आ.ब.२०८१/०८२ को नाफा नोक्सान हिसाव एवं सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध वित्तीय बिबरण सहितका अनुसुचीहरु पारित गरियोस भनि अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा कम्पनीको २९ औं वीर्षक साधारण सभाबाट आ.व. २०८१/०८२ को लागि नियुक्त हुनुभएका लेखापरीक्षक श्री महेश कुमार गुरागाइ (एम.जि.एस.एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स) बाट लेखा परिक्षण गरी प्रस्तुत गरिएको लेखा परीक्षण प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँड हिसाब तथा ईक्विटीमा भएको परिवर्तन लगायतका नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरेको कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को वित्तीय विवरण लगायतका वार्षिक प्रतिवेदनहरु पारित गरियो ।

(३) सञ्चालक समितिबाट प्रस्ताव भए अनुसार प्रस्तावित बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागि कम्पनीको चुक्ता पूँजी रू.१,७०,०९,५५,९१९/- को ०.४५७९ प्रतिशतले हुन आउने रकम रु.७७,८८,५८८।०० नगद लाभांश पारित गरियोस भनि अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम प्रस्तावित बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि चुक्ता पूँजीको ०.४५७९ प्रतिशत नगद लाभांश पारित गरियो ।

(४) आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारीश्रमिक निर्धारण गरियोस भनि अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा कम्पनीको आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमीक निर्धारण गर्ने सम्वन्धमा कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षक श्री एम.जि.एस.एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्टसलाई लाई बार्षिक रु.३,८५,०००/०० (अक्षरेपी तीन लाख पचासी हजार मात्र) मु.अ.कर बाहेक पारिश्रमिक तथा अन्य खर्च वास्तविक बिल बमोजिम भुक्तानी गर्ने गरि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव पारित गरियो ।

(ख) **बिषेश प्रस्ताव:**

(१) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको आ.व.२०८१/०८२ सम्मको बितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजीको ८.७० प्रतिशत बोनस शेयर पारित गर्ने सम्वन्धमा छलफल हुँदा बोनस शेयर गणना गर्दा दशमलव पछाडी Fraction मा आउने अंकलाई शेयरधनीको खातामा यथावत राखी पूर्ण अंकमा आएको बोनस शेयर बितरण गर्नेगरी प्रस्तावित बोनस शेयर पारित गरियो ।

(२) बोनश शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि हुने हुँदा सो को लागि कम्पनीको प्रवन्धपत्रको दफा ६ (क) तथा नियमावलीको नियम २.१ (क) संशोधन गरी सोहि हदसम्म जारी पूँजी



PRABHU INSURANCE

तथा चुक्ता पूँजी बृद्धि गर्ने प्रस्ताव पारित गरियोस् भनि अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा देहाय अनुसार संशोधन गरि कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने प्रस्ताव पारित गरियो ।

## प्रभु इन्स्योरेन्स लिमिटेड
## प्रवन्ध-पत्रको प्रस्तावित संशोधनको तीनमहले बिवरण

| सि.नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|
| १. | **दफा ६ (क)**<br>कम्पनीको अधिकृत पूँजी रु.३,००,००,००,०००।- (तीन अरब) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (एक सय) का दरले ३,००,००,०००।- (तीन करोड) साधारण शेयरमा बिभाजित गरिएको छ ।<br>यस कम्पनीको जारी तथा चुक्ता पूँजी रु.२,५०,०४,०५,३००।- (रु.दुई अरव पचास करोड चार लाख पाँच हजार तीन सय) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (रु.एक सय) का दरले २,५०,०४,०५३ (दुई करोड पचास लाख चार हजार त्रीपन्न) साधारण शेयरमा बिभाजित गरिएको छ । | **दफा ६ (क)**<br>कम्पनीको अधिकृत पूँजी रु.३,००,००,००,०००।- (तीन अरव) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (एक सय) का दरले ३,००,००,०००।- (तीन करोड) साधारण शेयरमा बिभाजित गरिएको छ ।<br>यस कम्पनीको जारी तथा चुक्ता पूँजी रु.२,६४,८३,८८,५००।- (रु.दुई अरव चौसट्ठी करोड त्रीयासी लाख अठासी हजार पाँच सय) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (रु.एक सय) का दरले २,६४,८३,८८५ (दुई करोड चौसट्ठी लाख त्रीयासी हजार आठ सय पचासी) साधारण शेयरमा बिभाजित गरिएको छ । | बोनश शेयर जारी गरि पूँजी बृद्धि गर्नुपर्ने भएकोले । |

## प्रभु इन्स्योरेन्स लिमिटेड
## नियमावलीको प्रस्तावित संशोधनको तीनमहले बिवरण

| सि.नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|
| १. | **नियम २.१ (क)**<br>कम्पनीको अधिकृत पूँजी रु.३,००,००,००,०००।- (तीन अरव) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (एक सय) का दरले ३,००,००,०००।- (तीन करोड) साधारण शेयरमा बिभाजित गरिएको छ ।<br>यस कम्पनीको जारी तथा चुक्ता पूँजी रु.२,५०,००,४५,५००।- (रु.दुई अरव पचास करोड पैतालीस हजार पाँच सय) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (रु.एक सय) का दरले २,५०,००,४५५ (दुई करोड पचास लाख चार सय पचपन्न) साधारण शेयरमा बिभाजित गरिएको छ । | **नियम २.१ (क)**<br>कम्पनीको अधिकृत पूँजी रु.३,००,००,००,०००।- (तीन अरव) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (एक सय) का दरले ३,००,००,०००।- (तीन करोड) साधारण शेयरमा बिभाजित गरिएको छ ।<br>यस कम्पनीको जारी तथा चुक्ता पूँजी रु.२,६४,८३,८८,५००।- (रु.दुई अरव चौसट्ठी करोड त्रीयासी लाख अठासी हजार पाँच सय) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (रु.एक सय) का दरले २,६४,८३,८८५ (दुई करोड चौसट्ठी लाख त्रीयासी हजार आठ सय पचासी) साधारण शेयरमा बिभाजित गरिएको छ । | बोनश शेयर जारी गरि पूँजी बृद्धि गर्नुपर्ने भएकोले । |

(३) कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ग) बमोजिम आ.व. २०८१/८२ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्चको अनुमोदन गरियोस् भनि अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा आ.व. २०८१/८२ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकम रु.२८,७१,९०१ अनुमोदन गरियो ।

(४) कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गरियोस् भनि अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा प्रभु इन्स्योरेन्स लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन उपर संशोधित प्रबन्ध पत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै संशोधन वा फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार संशोधन वा फेरबदल गरि कार्यान्वयन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(ग) <u>बिविध:</u>

(१) कम्पनीको २९ औं वार्षिक साधारण सभाबाट चुक्ता पूँजीको ४७ प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय भई हकप्रद शेयर दर्ता तथा स्वीकृतीको लागि श्री नेपाल धितोपत्र बोर्डमा पेश गरिएकोमा यस सभाबाट समिक्षा आ.व.को मुनाफाबाट ८.७० प्रतिशत बोनश शेयर बितरण गर्ने प्रस्ताव स्वीकृत भई कम्पनीको चुक्ता पूँजी बृद्धि हुने भएकोले बृद्धि भएको चुक्ता पूँजीको अनुपात कायम गरी हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने र सो सम्वन्धी सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा देहाय बमोजिम निर्णय गरियो :

(क) कम्पनीको २९ औं वार्षिक साधारण सभाबाट चुक्ता पूँजीको ४७ प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय भई हकप्रद शेयर दर्ता तथा स्वीकृतीको लागि श्री नेपाल धितोपत्र बोर्डमा पेश गरिएकोमा यस सभाबाट समिक्षा आ.व.को मुनाफाबाट ८.७० प्रतिशत बोनश शेयर बितरण गर्ने प्रस्ताव स्वीकृत भई कम्पनीको चुक्ता पूँजी बृद्धि हुने भएकोले बोनश शेयर बितरण पश्चात कायम हुने चुक्ता पूँजी रु.१,८४,८९,३९०.८६ को ४३.२३८२७८ प्रतिशतले हुन आउने ७९,९४,४९४ कित्ता हकप्रद शेयर जारी गर्ने निर्णय गरियो ।

(ख) बृद्धि भएको चुक्ता पूँजीको अनुपात कायम गरी हकप्रद शेयर जारी गर्ने सम्वन्धमा नियमनकारी निकायहरुबाट कुनै संशोधन तथा परिमार्जन गर्न निर्देशन प्राप्त भएमा निर्देशन अनुसार संशोधन तथा परिमार्जन गरि सम्वन्धित निकायमा पेश गरि हकप्रद शेयरको स्वीकृती लिन तथा हकप्रद शेयर निष्काशन सम्वन्धमा पुनः अर्को साधारण सभा बस्न नपर्ने गरि आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय गरियो ।

(ग) नियमनकारी निकायको निर्देशानुसार तोकिएको न्यूनतम चुक्ता पूँजी कायम गर्ने प्रयोजनको लागि जारी गरिने हकप्रद शेयरका सम्वन्धमा नियमनकारी निकायहरुबाट हकप्रद शेयरको अनुपात वा संख्याका सम्वन्धमा वा अन्य कुनै पनि कारण वा अवस्थामा पनि परिमार्जन, संशोधन गर्न निर्देशन प्राप्त भएमा निर्देशन अनुसार परिमार्जन तथा संशोधन गरि पुनः अर्को साधारण सभा बस्न नपर्ने गरि आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय गरियो ।

(घ) हकप्रद शेयर गणना गर्दा दशमलव पछाडी Fraction मा आउने अंकलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखी नजिकको पुरा अंक कायम गर्ने निर्णय गरियो ।

१३. <u>निर्णय पुस्तिकामा हस्ताक्षर:</u>
कम्पनीको वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७५ अनुसार सभाका अध्यक्ष र कम्पनी सचिवले दस्तखत गर्ने व्यवस्था भएकोले सोही अनुसार गर्ने निर्णय गरियो ।

१४. <u>धन्यवाद ज्ञापन:</u>
सभाका अध्यक्ष श्री राजेन्द्र मल्लज्यूले ३० औं वार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएका मन्तव्य, सुझाव, जिज्ञासा तथा टिप्पणीहरु सञ्चालक समितिका लागि निकै सकारात्मक एवं पथ प्रदर्शक भएको उल्लेख गर्नु हुदै यस वार्षिक साधारण सभालाई सुचारु रुपले संचालन गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग गर्नु हुने सम्पूर्ण उपस्थित शेयरधनी महानुभावहरु, नियामक निकाय तथा संस्थागत शेयरधनीहरुका प्रतिनिधिहरु, लेखापरीक्षक, सल्लाहकारहरु तथा सरकारी एवं गैरसरकारी संस्थाहरुका प्रतिनिधिहरु लगायत कुशल कर्मचारी तथा अन्य सम्बन्धित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

१५. <u>सभा विसर्जन</u>
यस वार्षिक साधारण सभामा छलफल गरी पारित गर्नु पर्ने अन्य कुनै विषय बाँकी नभएकोले सभाका अध्यक्षज्यूले दिनको १:३० बजे सभा विसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| दस्तखत | | दस्तखत |
| अरबिन्द कुमार कर्ण | prabhu INSURANCE | राजेन्द्र मल्ल |
| कम्पनी सचिव | | अध्यक्ष |
| २०८३/०१/०९ | | २०८३/०१/०९ |